जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २१० २०८० साल चैत १२ गते सोमबार (25 Mar. 2024 Monday) मूल्य रु. ५/-

*Log in : rajbirajdainik.com.np*

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेशलाई ६० र स्थानीय.. ३ पृष्ठमा : विश्व क्षयरोग दिवसः उपचारको... ३ पृष्ठमा : मुख्यमन्त्री केजरीवालको...

# पाँच राजनीतिक दलको नाम परिवर्तन

**दैनिक समाचारदाता**
**काठमाडौं, ११ चैत ।**

निर्वाचन आयोगले पाँच राजनीतिक दलको नाम परिवर्तन गरेको छ। थप एउटा दलले नाम परिवर्तनका लागि आयोगसमक्ष निवेदन दिएको छ।

आयोगले किरात खम्बुवान साझा पार्टी, नेपाल दलित पार्टी, ताम्सालिङ लोकतान्त्रिक पार्टी, नेपाल सुकुम्बासी पार्टी, लोकतान्त्रिक र आमूल परिवर्तन मसिहा पार्टीले नाम परिवर्तनका लागि दिएको निवेदन अनुसार पाँच वटै दलको प्रस्तावित नाम स्वीकृत गरेको हो।

आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका अनुसार आयोग पदाधिकारीको यही चैत ८ गते बिहीबारको बैठकले गरेको निर्णय अनुसार ताम्सालिङ लोकतान्त्रिक पार्टीको नाम 'जनप्रिय लोकतान्त्रिक पार्टी', नेपाल सुकुमवासी पार्टीको नाम 'नेपाल जनता संरक्षण पार्टी' तथा आमूल परिवर्तन मसिहा पार्टीको नाम 'रिपब्लिक पार्टी नेपाल' हुने भएको छ।

आयोगका राजनीतिक दल व्यवस्थापन महाशाखाका प्रमुख यज्ञप्रसाद भट्टराईले नयाँ नाम स्वीकृत भएको दलको दर्ता मिति भने पुरानै कायम रहने बताए। यसअघि गत फागुन २३ गतेको निर्णय अनुसार किरात खम्बुवान साझा पार्टीको नाम 'राष्ट्रिय साझा पार्टी' तथा नेपाल दलित पार्टीको नाम 'नेपाल मानवतावादी पार्टी' हुने भएको छ।

दलको नाम परिवर्तन सम्बन्धमा आयोगको निर्देशनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश दिएको छ। तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले यही चैत २ गते सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। सो रिटमा अदालतले कारण देखाऊ, अल्पकालीन अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि बोलाएको छ।

तमलोपाले आयोगले भने झैं दलको नाम संविधानको मर्मविपरीत नभएको तर्कसहित रिट दायर गरेको थियो। सो दलले कुनै प्रचलित कानुनले दर्ता रहेको पार्टीको नाम परिवर्तन गर्न कुनै निर्देशन दिन सक्ने अधिकार निर्वाचन आयोगलाई नरहेको दाबी गरेको छ।

दर्ता रहेको दलले कुनै कामकारवाही सञ्चालन गर्दा पालना गर्नुपर्ने विषय सम्बन्धमा निर्देशन दिन सक्ने भए पनि दलको नाम परिवर्तन गर्न दिइएको निर्देशन संविधान र प्रचलित कानुनबमोजिम नरहेको तमलोपाको जिकिर छ।

# पोखरीमा डुबेर चार वर्षिय बालकको मृत्यु

**रामशंकर भण्डारी**
**राजविराज, ११ चैत ।**

सप्तरीको बलान विहुल गाउँपालिका वडा नं. ४ बेल्हीस्थित मलाहटोल पोखरीमा डुबेर आइतबार ४ वर्षीय बालक मृत्यु भएको छ।

मृत्यु हुनेमा ईन्दल मुखियाका छोरा वर्ष ४ का आनन्द मुखिया छन् । खेली रहेको अवस्थामा घर अगाडी रहेको पोखरीमा डुबेर बालकको मृत्यु भएको प्रहरी चौकी बेल्हीले जनाएको छ।

दिउँसो खेल्न क्रममा पोखरीमा डुबेपछि स्थानीयले हेरपछि उक्त बच्चालाई पोखरीबाट मृत अवस्थामा निकालेका थिए।

मृतक बालकको शव पोस्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिएका छन् ।

# डाक्नेश्वरीमा होली मिलन समारोह

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा आइतबार होली मिलन समारोहको आयोजना गरिएको छ।

जनता समाजवादी पार्टी (जसपा) डाक्नेश्वरी नगरपालिका वडा नम्बर ६ समितिले आयोजना उक्त होली मिलन समारोह गरिएको हो।

होली सम्बन्धी पौराणिक गीत र नृत्य समेत प्रस्तुत गरिएको कार्यक्रममा जसपाका विभिन्न तहका नेताहरूको सहभागिता थियो।

कार्यक्रमका प्रमुख अतिथि जसपा नेता एवं राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले असत्यमाथी सत्यको विजय भएको खुशियालीमा मनाउँदै आएको यो पर्व भाइचाराको पर्व समेत भएको बताए।

उनले सभ्य र भव्य रूपमा यो पर्व मनाउदै एकले अर्कालाई शुभकामना दिएर आफ्नो संस्कृतिको जगेर्ना गर्नुपर्ने बताए।

पूर्व प्रदेश सभा सदस्य विदेश्वर यादव 'विक्की' ले आपसी भाइचाराको प्रतीकको रुपमा रहेको यो पर्व महत्वपूर्ण रहेको बताए। उनले जतिसुकै मनमुटाव भएपनि एकअर्कासँग अंकमाल गरेर शुभकामना दिने गरिएको बताउँदै आपसी भाइचारा कायम गर्न सबैसँग अनुरोध पनि गरे।

कार्यक्रममा स्थानीय कलाकारले होली सम्बन्धी गीत एवं नृत्य समेत प्रस्तुत गरेका थिए।




# सकरपुराले जित्यो तिलाठी कोईलाडी पालिका कप



**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका स्तरिय टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी सकरपुराले जितेको छ।

आईतवार सम्पन्न फाइनल खेलमा वडा नं. ५ को. बरसाईनलाई वडा नं. ३ सकरपुराले ७ रनले पराजित गरि उपाधीमाथी कब्जा जमाएको हो।

सम्पन्न फाईनल खेलमा टस जितेर सकरपुराले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय १८ रनको योगफल खडा गरेको थियो। जसमा अमित मण्डलले उत्कृष्ट ब्याटिंग गर्दै ३ छक्काको मदतले ४३ रन बनाएका थिए। त्यस्तै टिमका लागि साकेत सिँह १७ रन, राजकुमार मुखियाँ ११ रन जोडे। यस्तै बलिङतर्फ को. बरसाईनका गोलु राय ३, दिपेश मण्डल २ विकेट तथा विशाल शर्मा, दिपेश सरदार १/१ विकेट हात पारेका थिए।

जवाफमा को.बरसाईनले १९ ओभर ५ बलमा सबै विकेट गुमाई १ सय ११ रन मात्र बनाउन सकेको थियो। जसमा सुभाष शर्माले ३३ दिपेश मण्डल २० रन, राहुल रजक १२ रन बनाएका थिए। बलिङतर्फ सकरपुराका कुनाल मण्डल, प्रदिप मण्डलले उत्कृष्ट बलिंग तर्फ ३/३ विकेट, विजय मुखियाले १ विकेट लिएका थिए। फाईनल खेलको म्यान अफ दि फाईनल प्रदिप मण्डल घोषित भएका थिए।

प्रतियोगिताको बेस्ट ब्याटर प्रकाश मण्डल, वेस्ट बलर विशाल शर्मा, म्यान अफ दि सिरिज अमित मण्डल घोषित भएका लाई कप, प्रमाणपत्र प्रदान गरेका थिए।

उक्त अवसरमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्षता अरूण मण्डल, वडा ३ का अध्यक्ष रमेश मुखिया वडा ५ का अध्यक्ष ललन राउत, वडा ७ का अध्यक्ष हरि नारायण साह, सप्तरी क्रिकेट संघका सचिव चन्दन कुमार यादव, प्रतियोगिता संयोजक ज्ञानेन्द्र कुमार यादब लगायतले शिल्ड, कप, मेडल,प्रमाणपत्र प्रदान गरेका थिए।

## फागु पर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा सौंस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रंगको प्रयोग गर्दा सावधानी अपनाऔं

होलीलाई रंगहरुको पर्व भनिन्छ। आज मधेशमा यो पर्व मनाइदै छ। यसअघि हिजो पहाडमा मनाइएको थियो। यो पर्व हिजोआज निकै अराजकतर्फ उन्मुख हुँदै गएको छ। सौहृदपूर्ण रुपमा एक अर्कालाई रंग र अबिर लगाएर यो पर्व मनाउनुको साटो अहिले फोहर पानी, केमिकल मिसाइएका रंग र अबिरको बढी प्रयोग हुने गरेको छ। रंग, अबिरमा खतरनाक रसायन मिसाइएको हुन्छ। होलीको रंगमा वाइल कलर, केमिकल डाई, विषाक्त पदार्थ र छालालाई नोक्सान पुऱ्याउने अन्य तत्व पनि हुने गरेको विज्ञहरु बताउँछन्। यसले शरीरको विभिन्नमा गम्भिर असर पुऱ्याउने गर्दछ।

जथाभावी रंग खेल्दा आँखाको दृष्टि सक्ने, कानको जाली फुट्न सक्ने तथा एलर्जी, दम र छाला सम्बन्धित समस्याले सताउन सक्छ। त्यसैले मुख, आँखा वा कानमा नपरोस् भनेर होशियारी साथ होली खेल्नु आवश्यक छ। बजारमा देखिने धैरे जसो रंगमा हेभी मेटल्स र विषाक्त पदार्थ हुन्छन्। हरियो रंगले आँखामा एलर्जी वा अस्थायी अन्धोपना निम्त्याउन सक्छ। यस्तै बैजनी रंगले दम र एलर्जी हुन सक्छ। चम्किलो रंग क्यान्सरको कारक हुन सक्छ। स्मरण शक्तिलाई हानि पुऱ्याउँछ। लेड अक्साइडले बनाईने कालो रंगले मृगौलामा समस्या उत्पन्न गराउन सक्छ।

होली खेल्नु अघि शरीरका धेरै जसो भाग छोपिने गरी लुगा लगाएर रंग अबिरको दुष्परिणामबाट जोगिन सकिन्छ। यस्तै होली खेल्नु अघि शरीरमा तेल वा मोइस्चराईजर र फाउन्डेशन लगाउनुपर्ने राम्रो विकल्प हो। यसो गर्दा रंग छालाभित्र जान पाउँदैन। तसर्थ होलीमा रंग प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पर्छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रदेशलाई ६० र स्थानीय तहलाई ८८ अर्ब समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस

**हेमन्त जोशी**

काठमाडौं, ११ चैत (रासस)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि केन्द्र सरकारबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको रकम निर्धारण गरी सरकारलाई सिफारिस गरेको छ।

आगामी आवका लागि प्रदेशलाई रु ६० अर्ब र स्थानीय तहलाई रु ८८ अर्ब बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएको आयोगले जनाएको छ।

सङ्घीय सञ्चित कोषबाट सरकारले प्रदेश र स्थानीय तहलाई उनीहरुको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ। यस्तो अनुदान तय गरी सिफारिस गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हो।

यो अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान गरेर तीनवटा शीर्षकमा विभाजन गरिएको आयोगले जनाएको छ।

आगामी आर्थिक वर्षका लागि प्रदेशहरुले पाउने गरी सिफारिस गरिएको वित्तीय समानीकरण अनुदानको कूल रु ६० अर्बमध्ये न्यूनतम समानीकरण अनुदानका रुपमा रु १५ अर्ब, सूत्रमा आधारित समानीकरण अनुदानका रुपमा रु ४२ अर्ब ६० करोड र कार्यसम्पादनका आधारमा रु दुई अर्ब ४० करोड बराबर रहेको आयोगले जनाएको छ।

आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदानतर्फ कोशी प्रदेशलाई रु आठ अर्ब ९४ करोड ३२ लाख, मधेस प्रदेशलाई रु सात अर्ब ७९ करोड ९२ लाख, बागमती प्रदेशलाई रु आठ अर्ब २४ करोड ३४ लाख र गण्डकी प्रदेशलाई रु सात अर्ब ६३ करोड ८८ लाख बराबर उपलब्ध गराउन सिफारिस गरिएको छ। त्यसैगरी, लुम्बिनी प्रदेशलाई रु आठ अर्ब २८ करोड ६४ लाख, कर्णाली प्रदेशलाई रु १० अर्ब ३६ करोड ६३ लाख र सुदूरपश्चिम प्रदेशलाई रु आठ अर्ब ७२ करोड २७ लाख बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन आयोगले सिफारिस गरेको छ।

त्यसैगरी, स्थानीय तहलाई आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदानतर्फ रु ८८ अर्ब उपलब्ध गराउन सिफारिस गरिएको छ। न्यूनतम समानीकरण अनुदानका रुपमा रु २६ अर्ब ६८ करोड ५० लाख, सूत्रमा आधारित समानीकरण अनुदानका रुपमा रु ५७ अर्ब ७९ करोड ५० लाख र कार्यसम्पादन कार्यसम्पादनको आधारमा रु तीन अर्ब ५२ करोड बराबर उपलब्ध गराउन सिफारिस गरिएको आयोगले जनाएको छ।

"प्रदेश तथा स्थानीय सरकारहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कुल वित्तीय समानीकरण अनुदानको क्रमशः २५ प्रतिशत र ३० दशमलव ३२ प्रतिशत हुने गरी हिस्सा निर्धारण गरिएको छ। यसरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशका हकमा जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ", आयोगको सिफारिसमा भनिएको छ।

त्यसैगरी, स्थानीय तहका हकमा न्यूनतम अनुदान सिफारिस गर्दा जनसङ्ख्यालाई मुख्य आधार बनाइएको छ। "न्यूनतम अनुदान सिफारिस गर्दा १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय सरकारलाई रु दुई करोड ७५ लाख र १० हजारभन्दा बढी तर दुईलाख भन्दा कम जनसङ्ख्या भएका स्थानीय सरकारलाई प्रतिदश हजार जनसङ्ख्या वृद्धिमा रु २५ लाख अनुदान रकम वृद्धि गरिएको छ", आयोगले भनेको छ, "दुई लाखभन्दाबढी जनसङ्ख्या भएका स्थानीय सरकारलाई एकमुष्ठ रु सात करोड ७५ लाख न्यूनतम समानीकरण अनुदान निर्धारण गरिएको छ।"

आयोगका अनुसार प्रदेश तथा स्थानीय तहहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान क्रमशः रु १५ अर्ब र रु २६ अर्ब ६८ करोड ५० लाख समेत गरी कुल रु ४१ अर्ब ६८ करोड ५० लाख निर्धारण गरिएको छ। कुल वित्तीय समानीकरण अनुदानमा न्यूनतम वित्तीय समानीकरण अनुदानको हिस्सा २८ दशमलव १७ प्रतिशत छ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा सम्बन्धित प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क, आर्थिक-सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी पाँच वटा शीर्षकमा मूल्याङ्कन गरिएको आयोगले जनाएको छ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको रकम प्रदेशलाई रु ४२ अर्ब ६० करोड र स्थानीय तहलाई रु ५७ अर्ब ७९ करोड ५० लाख गरी कुल रु एक खर्ब २९ करोड ५० लाख निर्धारण गरिएको छ। कुल समानीकरण अनुदानमा सूत्रमा आधारित समानीकरण अनुदानको हिस्सा ६७ दशमलव ८३ प्रतिशत रहेको छ।

प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने कुल वित्तीय समानीकरण अनुदानको चार प्रतिशतले हुन आउने रकम अर्थात् रु पाँच अर्ब ९२ करोडलाई कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानका रुपमा सिफारिस गरिएको छ। जसमध्ये रु दुई अर्ब ४० करोड प्रदेशलाई र रु तीन अर्ब ५२ करोड स्थानीय तहका लागि सिफारिस गरिएको छ।

**कार्यसम्पादनमा कोशी अब्बल, लुम्बिनी कमजोर**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारबाट आगामी आर्थिक वर्ष २०८१/८२ मा उपलब्ध गराइने वित्तीय समानीकरण अनुदानका लागि प्रदेश र स्थानीय तहहरुको कार्यसम्पादन पनि विश्लेषण गरिएको छ।

कार्यसम्पादनमा कोशी प्रदेशले सबैभन्दा धेरै ४० दशमलव ८९ अङ्क प्राप्त गरेको छ। मधेश प्रदेशले ३७ दशमलव ३१, बागमतीले ३७ दशमलव २९, गण्डकी प्रदेशले ३३ दशमलव ०७, कर्णाली प्रदेशले ३० दशमलव ९८ र सुदूरपश्चिम प्रदेशले ३१ दशमलव ०८ अङ्क प्राप्त गरेको छ। कार्यसम्पादनमा सबैभन्दा कमजोर लुम्बिनी प्रदेश देखिएको छ। लुम्बिनीले २६ दशमलव ९९ अङ्क पाएको छ।

आयोगले विभिन्न ११ वटा सूचकका आधारमा प्रदेशहरुको कार्यसम्पादन मूल्याङ्कन गरेको हो। जसमध्ये, दुईवटा सूचकमा सबै प्रदेशको अङ्क शून्य देखिएको छ।

सूचक दुई अर्थात् 'प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकको

*बाँकी तीन पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

### प्रदेशलाई ६० र ...

आधार लागू गरी सशर्त अनुदान प्रदान गरेको/नगरेको'मा सबै प्रदेशले शून्य अङ्क पाएका छन् । यो सूचकको अङ्कभार १० छ ।

त्यस्तै, पाँच अङ्कभार रहेको सूचक तीन अर्थात् 'गत आर्थिक वर्ष २०७९/८० मा सवारी साधन करवापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय तहलाई चैत मसान्तभित्र उपलब्ध गराएको/नगराएको' मा पनि सबै प्रदेशले शून्य अङ्क पाएका छन् ।

अङ्कभार १५ रहेको सूचक एक अर्थात् 'अघिल्लो आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणबाट औँल्याएको बेरुजु फछ्र्यौटको अवस्था' मा कोशी, लुम्बिनी, कर्णाली र सूदूरपश्चिम प्रदेशको शून्य अङ्क छ । यस सूचकमा मधेस प्रदेशले एक दशमलव ८१, बागमतीले पाँच दशमलव ९८ र गण्डकीले सात अङ् पाएका छन् ।

प्रदेश सरकारको गत आर्थिक वर्ष २०७९/८० को विनियोजित रकमअनुसार खर्चको अवस्थाले सूचक चारलाई जनाउँछ । १५ अङ्कभारको यस सूचकमा गण्डकी र सुदूरपश्चिम प्रदेशको शून्य अङ्क छ । कोशीले चार दशमलव ३३, बागमतीले शून्य दशमलव १६, लुम्बिनीले एक दशमलव ६३ र कर्णालीले शून्य दशमलव ०६ अङ्क पाएका छन् ।

गत आर्थिक वर्ष २०७९/८० मा प्रदेशले आफ्नो अधिकार क्षेत्रको राजस्व परिचालनलाई बुझाउने सूचक ५ को अङ्कभार २० छ । यसमा कोशी प्रदेशले एक दशमलव ५६, मधेस प्रदेशले १० दशमलव ५१, बागमती प्रदेशले एक दशमलव १५ र गण्डकीले एक दशमलव ०७ अङ्क पाएका छन् । त्यसैगरी, यस सूचकमा लुम्बिनी प्रदेशको शून्य दशमलव ३६, कर्णालीको पाँच दशमलव ९२ र सुदूरपश्चिमको प्राप्ताङ्क एक दशमलव ०८ छ ।

स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहले चैत मसान्तभित्र उपलब्ध गराएको/नगराएको मापन सूचक छले गर्छ । पाँच अङ्कभारको यो सूचकमा सबै प्रदेशले पाँच अङ्क पाएका छन् ।

सूचक सातले आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०८० पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरे/नगरेको जनाउँदछ । यो सूचक पाँच अङकभारको छ । मधेस र लुम्बिनीले यस सूचकमा शून्य अङ्क पाएका छन् भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् ।

गत आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी त्यसको विवरण २०८० कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको कुरालाई सूचक आठले जनाउँदछ । पाँच अङ्कभारको यस सूचकमा मधेस प्रदेशले शून्य अङ्क पाएको छ भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् ।

गत आर्थिक वर्षको प्रदेश तहको वायुको गुणस्तर सूचकाङ्क मापन गर्ने सूचक नौको अङ्कभार पाँच छ । यस सूचकमा गण्डकी र कर्णाली प्रदेशले शून्य अङ्क पाएका छन् भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् ।

सूचक १० मा कोशी र मधेस प्रदेशले पूर्ण अर्थात् पाँच अङ्क पाएका छन् । बाँकी प्रदेशले शून्य अङ्क पाएका छन् । सूचक १० ले व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धिलाई जनाउँछ ।

अङ्कभार १० रहेको सूचक ११ मा सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् । यो सूचकले आयोगले कार्यसम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिभित्र प्रविष्टि गरे/नगरेको कुरालाई जनाउँदछ ।

# विश्व क्षयरोग दिवस: उपचारको दायरामा आउने न्यून

काठमाडौँ, ११ चैत (रासस) ।

'हो ! हामी क्षयरोग अन्त्य गर्छौँ' भन्ने नारासहित आइतबार विश्व क्षयरोग दिवस मनाइँदैछ । राष्ट्रिय क्षयरोग केन्द्रकाअनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ७० हजार क्षयरोगका नयाँ बिरामी थपिएका छन् ।

नयाँ थप बिरामीमध्ये करिब आधा मात्र उपचारका दायरामा आएकाकेन्द्रले जनाएको छ । तथ्याङ्क हेर्ने हो भने नयाँ बिरामीमध्ये ३७ हजार चार सय ४७ जना मात्र उपचारमा दायरामा आएका देखिन्छन् । साथै क्षयरोगका कारण बर्सेनी १८ हजारको मृत्यु हुने गरेको तथ्याङ्कले देखाउँछ ।

क्षयरोग 'माइको ब्याक्टेरियम टचुबरक्लोसिस' नामक जीवाणुको सङ्क्रमणका कारण हुने सङ्क्रमणजन्य सरुवा रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छ्युँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । केन्द्रका निर्देशक डा प्रज्ज्वल श्रेष्ठले भन्नुभयो, "क्षयरोगको जोखिममा १५ देखि ४४ वर्ष उमेर समूहका मानिस छन् । पछिल्लो वर्षमा ६५ वर्षभन्दामाथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।" हाल मुलुकभर छ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि निःशुल्क उपलब्ध हुने गरेको उहाँले जानकारी दिनुभयो ।

क्षयरोगको जोखिममा कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी सङ्क्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस रहेका डा श्रेष्ठले जानकारी दिनुभयो ।

केन्द्रका निर्देशक डा श्रेष्ठले 'क्षयरोग मुक्त नेपाल अभियान' अन्तर्गत हाल एक सय २५ स्थानीय तहमा क्षयरोगको पहिचान, निदान र उपचार सेवामा सुधार गरिएको जानकारी दिँदै क्रमशः सात सय ५३ वटै स्थानीय तहमा लागू गरिने बताउनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल'दघ्पी प्रचण्ड'ले दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै क्षयरोगविरुद्ध प्रभावकारी रुपमा लड्न नवीन रणनीति लागू गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उपप्रधान एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले नेपालमा यो रोग प्रमुख जनस्वास्थ्य समस्याको रुपमा अझै पनि रहिरहनु चिन्ताजनक विषय भएको बताउनुभयो । उहाँले क्षयरोग निवारण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शुभकामना व्यक्त गर्दै स्वास्थ्य सेवा विभागकी महानिर्देशक डा सङ्गीता कौशल मिश्राले क्षयरोग रोकथाम, निदान र उपचारको खाँचो रहेका सबैलाई उपचारको दायरामा आउन आग्रह गर्नुभयो । विशेष गरी जोखिम समूह, सीमान्तकृत जनसङ्ख्या तथा दुर्गम क्षेत्रसम्म यसको उपचार पुग्न आवश्यकता रहेको उहाँको भनाइ छ । सन् २०५० सम्ममा क्षयरोगमुक्त नेपाल बनाउने लक्ष्य लिइएको छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

# मुख्यमन्त्री केजरीवालको गिरफ्तारीको विरोधमा आम आदमी पार्टीका कार्यकर्ताद्वारा प्रदर्शन

नयाँदिल्ली, ११ चैत (रासस/सिन्ह्वा) ।

सन् २०२१ नोभेम्बर १७ मा दिल्ली सरकारले राज्यमा नयाँ मदिरा नीति लागू गर्दा अनियमितता गरिएको र इजाजत धारकहरूलाई अनुचित लाभ दिइएको आरोपमा पक्राउ परेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको गिरफ्तारीको विरोधमा आम आदमी पार्टी (आप) का समर्थकहरूले आइतबार प्रदर्शन गरेका छन् ।

आम आदमी पार्टी (आप) का प्रमुख तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई प्रवर्तन निर्देशालय (ईडी) ले गत मार्च २१ मा पक्राउ गरेको थियो । नयाँ मदिरा नीति लागू गर्दा यसमा लाइसेन्स शुल्क माफ वा कम गरिएको छ । यो नीतिले सरकारी राजस्वमा एक अर्ब ४४ करोड ३६ लाख भारतीय रूपैँया घाटा भएको दावी गरिएको थियो । यस विषयमा छानबिन गर्न सिफारिस गरेपछि सन् २०२२ को जुलाई ३० मा दिल्ली सरकारले नयाँ अन्तःशुल्क नीति फिर्ता लिई पुरानो प्रणालीलाई पुनः स्थापित गरेको थियो ।

ईडीले आप नेतालाई पक्राउ गरेकोमा आपत्ति जनाउँदै प्रदर्शनकारीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै 'म पनि केजरीवाल हुँ, मलाई पनि गिरफ्तार गर' भन्दै आइटिओ फुट ब्रिजमा भेला भई प्रदर्शन गरेका छन् । आपले केजरीवालको गिरफ्तारीको विरोधमा आइतबार दिल्लीभरि मैनबत्ती जुलुस निकाल्ने र पुतला दहन गर्ने घोषणा गरेको छ ।

"सरकारको गैर-प्रजातान्त्रिक कार्य र अरविन्द केजरीवालको फर्जी गिरफ्तारीको विरोधमा आइतबार दिल्लीभरि मैनबत्ती जुलुस र पुतला दहन गरिनेछ," आपले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको गिरफ्तारीको विरोधमा दिल्लीका जनता सडकमा उत्रिएका छन् । अरविन्द केजरीवालको ढालको रुपमा हामी सबै एक साथ उभिनुपर्छ । अरविन्द केजरीवालको गिरफ्तारी मोदी सरकारलाई सत्ताबाट हटाउने अन्तिम कारण साबित हुनेछ । राउज एभेन्यू अदालतले शुक्रबार केजरीवाललाई छ दिन (२८ मार्चसम्मका) लागि ईडी हिरासतमा राख्न अनुमति दिएको थियो ।

# अपहरणमा परेका सयौं विद्यार्थी रिहा

अबुजा (नाइजेरिया), ११ चैत (रासस/एएफपी) ।

नाइजेरियाको उत्तरपश्चिमी क्षेत्रमा यसै महिनाको शुरुमा बन्दुकधारीले अपहरण गरेको आरोपमा पक्राउ परेका २५० भन्दा बढी विद्यालयका बालबालिकालाई रिहा गरिएको स्थानीय गभर्नरले आइतबार बताएका छन् ।

गत मार्च ७ मा कादुना राज्यको कुरिगामा भएको अपहरण वर्षौं यताकै सबैभन्दा ठूलो आक्रमण भएको थियो र यसले नागरिकको असुरक्षालाई लिएर देशव्यापी आक्रोश उत्पन्न गराएको थियो ।

कादुना राज्यका गभर्नर उबा सानीले भन्नुभयो, "अपहरणमा परेका कुरिगाका विद्यार्थीलाई सकुशल रिहा गरिएको छ । यो वास्तवमै खुशीको दिन हो ।" राष्ट्रपति बोला अहमद टिनुबु, नाइजेरियाको सेना, राष्ट्रिय सुरक्षा सल्लाहकार र 'विद्यालयका बालबालिकाको सुरक्षित फिर्ताका लागि प्रार्थना गर्ने सबै नाइजेरियालीहरूलाई उहाँले धन्यवाद दिनुभयो ।

अपहरणमा स्थानीय आपराधिकको गिरोहहरूलाई जिम्मेवार मानिएको थियो । नाइजेरियाको उत्तरपश्चिम र उत्तर-मध्य क्षेत्रमा उनीहरूले समुदायलाई निशाना बनाउने, गाउँहरू लुट्ने र फिरौतीका लागि सामूहिक अपहरण गर्ने गरेका छन् । अपहरणकारीहरूले फिर्तीको लागि ठूलो रकम माग गरेको विद्यार्थीहरूको आफन्तजनले बताएका थिए, तर राष्ट्रपति टिनुबुले सुरक्षा बलहरूलाई फिरौती बिना नै मुक्त गर्नका लागि निर्देशन दिनुभएको थियो ।

नाइजेरियामा अपहरण पीडितहरू प्रायः अधिकारीहरूसँगको वार्तापछि मुक्त हुन्छन् । यद्यपि सन् २०२२ को कानूनले अपहरणकारीहरूलाई पैसा हस्तान्तरण गर्न प्रतिबन्ध लगाएको र सेनाको सफल खोजी अभियान र कारबाहीले फिरौती बिना नै अपहरित २५० भन्दा बढी विद्यार्थीलाई मुक्त गरिएको सेनाले जनाएको छ ।

# करिब ८० प्रतिशत अफगानीमा खानेपानीको पहुँच छैन : युएनडिपी

काबुल, ११ चैत (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको करिब ७९ प्रतिशत जनसङ्ख्यामा पिउने पानीको पहुँच नभएको संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ( युएनडिपी) अफगानिस्तानको शुक्रबार सार्वजनिक एक प्रतिवेदनले देखाएको छ । प्रतिवेदनमा गम्भीर खडेरीको अवस्था, आर्थिक अस्थिरता र लामो समयदेखिको द्वन्द्वको विनाशकारी प्रभावका कारण अफगानिस्तानको पानीको पूर्वाधारमा उल्लेखनीय कमी आएको उल्लेख गरिएको छ । यो सङ्कटले महिला प्रधान परिवारहरूलाई असमान रूपमा प्रभावित गरेको छ । भूपरिवेष्ठित अफगानिस्तान खडेरीको चपेटामा परेको छ । अफगानिस्तानको कामचलाउ सरकारले भूमिगत पानीको सुधार र भण्डारणका लागि देशभर साना बाँध, पानी आपूर्ति सञ्जाल र पानीका नहरहरू निर्माण गरिरहेको छ ।

# मिथिलामा तीन दिन ‘होरी’

महोत्तरी, ११ चैत (रासस)।

मधेसमा दिनदिनै होली पर्वको रौनक छ। आइतबार सुरु भएको होली मङ्लबारसम्म खेल्ने तयारी मधेसमा छ। प्रदेशका आठवटै जिल्लाका उत्तरवर्त्ती क्षेत्रमा सघन बसोबास भएका पर्वते (पहाडी) मूलका हिन्दू आइतबार फागुपर्व मनाउँदैछन्। पूर्णिमा तिथिकै दिन फागु मनाइने परम्पराअनुसार पहाडी मूलका हिन्दूले आइतबार फागु मनाइरहेका हुन्।

यता साधु परम्परा (मठ, गुरुकूल परम्परा)मा पूर्णिमा सकिएर लाग्ने प्रतिपदा तिथिमा फागु खेल्ने परम्परा छ। यसअनुसार मधेसका अधिकांश ठाउँमा भोलि होली पर्व मनाइने तयारी छ। मिथिलाको माध्यमिकी परिक्रमा क्षेत्रभित्र अन्तगृह परिक्रमा सम्पन्न गरिएपछि त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ। यसअनुसार सोमबार अन्तगृह परिक्रमा गरिएपछि मङ्गलबार होली खेलिनेछ।

पन्ध्र दिने मिथिला माध्यमिकी परिक्रमाको अन्तिम दिन जनकपुरधामको रङ्गभूमिमा अन्तिम बास बसेर १६औँ दिन बिहान अन्तगृह परिक्रमा गरिन्छ। अन्तगृह परिक्रमाकै क्रममा होलिका दहनको धुरा उडाएपछि (राक्षसी प्रवृत्तिकी प्रतीक मानिने होलिका राक्षसीको आकृति डढाएको खरानी उडाउने विधि) भोलिपल्ट होली मनाइने परम्पराअनुसार मङ्गलबार पर्व मनाउनपर्ने स्थापित मैथिल परम्परा भएको यसक्षेत्रको पाका मैथिल बताउँछन्।

फागुपर्व तिथि टेकेर मनाइनुपर्ने हुँदा चैत कृष्ण प्रतिपदाका दिन मनाइनुपर्ने साधु परम्पराका अनुयायीको मत छ। यस मतका अनुयायी भोलि सोमबार पर्व मनाउने तयारीमा छन्। यसैगरी परिक्रमा यात्राको अन्तगृहलाई आधार मानिँदा पर्सी मङ्गलबार पर्व मनाइनेको सङ्ख्या उल्लेख्य देखिन्छ। खासमा १५ दिने मिथिला माध्यमिकी यात्राको एक सय ३३ किमी वृत्तभित्र पर्सी मङ्गलबार पर्व मनाइने मैथिल संस्कृति र परम्पराका जानकार सञ्चारकर्मी श्यामसुन्दर शशि बताउनुहुन्छ।

“मध्यमा परिक्रमा जनकपुरको रङ्गभूमि मैदानमा जम्मा भएकै दिन राति होलिका दहन गर्ने, भोलिपल्ट अन्तगृह परिक्रमासँगै धुरा उडाउने र त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ”, शशि भन्नुहुन्छ, “यसमा सामान्यतया तिथिको कुरा त जोडिन्छ, तर कहिलेकाहीँ तिथिको भोग घटबढको असरले तलमाथि पर्छ।”

मिथिलामा सामान्यतया चैतकृष्ण प्रतिपदाका दिन होली पर्व पर्ने भए पनि होलिका दहन र अन्तगृह परिक्रमा एक दिनको फरकमा हुने परम्पराले यसपालीको पर्व मङ्गलबार पुगेको शशि बताउनुहुन्छ।

यहाँ पर्वते र मूल मधेसी समुदायको अन्तर्घुलनले सबै परम्पराअनुसार एकअर्काको होली परम्परामा सरिक हुँदै आएका छन्। “प्रेम, सद्भाव र आपसी एकताको सन्देश दिने पर्वको अभिष्ठ हो, हामी तीनै दिन एकआपसमा मिलेर होली खेल्छौँ”, भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साह भन्नुहुन्छ।

आआफ्ना सुविधा र मान्यताअनुसार तीन दिन ‘होरी’ मनाइँदै गरिए पनि यसपाली होली शान्त नै देखिएको छ। बस्तीका घरघर र सडक गल्लीसम्म एकअर्कोलाई लोला हान्ने, भीड जम्मा हुने र रङ प्रयोगमा कमी देखिएपछि होली शान्त देखिएको हो। मधेस प्रदेशभित्रका आठै जिल्लामा जिल्ला प्रशासनले भिडभाड नगर्न, भिडभाडमा नजान, रङ र लोला नहान्न सार्वजनिक सूचना नै जारी गरेर अपिल गरेको छ।






# उपनिर्वाचनका लागि सरकारले दियो १० करोड

**दैनिक समाचारदाता**
**काठमाडौं, ११ चैत।**

आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचन आयोगलाई १० करोड रुपैयाँ बजेट खर्च गर्न स्वीकृति दिएको छ।

आयोगले इलाम क्षेत्र नम्बर २ मा प्रतिनिधि सभा निर्वाचन र बझाङ क्षेत्र नम्बर १ को प्रदेश सभा १ मा हुन लागेको उपनिर्वाचनका लागि अर्थ मन्त्रालयसँग १० करोड रकम मागेको थियो।

आयोगले मागेअनुसार मन्त्रालयले सो बराबरको रकम खर्च गर्न स्वीकृति प्रदान गरेको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रातोपाटीलाई जानकारी दिए। आयोगले मागेको रकममध्ये झन्डै ८ करोड रुपैयाँ खर्च हुने अनुमान रहेको उनले बताए।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, ‘आयोगले मागेको १० करोड स्वीकृत पनि भइसक्यो, हामीलाई त्यति धेरै त चाहिँदैन, सात-आठ करोड रुपैयाँ लाग्छ जस्तो लाग्छ। कर्मचारी घटाउने नै मुख्य खर्च हो। बजेट स्वीकृति भइसक्यो, अख्तियारी गर्ने काम भइरहेको छ, कार्यालय स्थापना हुनासाथ हामी बजेट पठाइहाल्छौँ।’

उपनिर्वाचनमा मतगणना कार्य मतदानस्थलबाटै गर्न खोजे पनि कानुनी जटिलताका कारण गर्न नसिकिएको थपलियाले जानकारी दिए।

आयोगले यतिबेला मतदाता नामावली अद्यावधिक गर्ने र निर्वाचन सामग्री व्यवस्थापनको काम गरिरहेको उनले बताए। निर्वाचन हुने जिल्लामा कति सामग्री छ, नपुग्ने भए अर्को जिल्लाबाट कति लैजानुपर्छ भनेर निर्वाचन सामग्री व्यवस्थापन भइरहेको उनको भनाइ छ।

मुख्य निर्वाचन अधिकृत तोक्नका लागि नाम माग्ने तथा कार्यालय व्यवस्थापन गर्ने काम भइरहेको प्रमुख आयुक्त थपलियाले बताए। उनले भने, ‘यस्तै हामीले सूक्ष्म रूपमा सुरक्षा संयन्त्र प्रयोग गरेर त्यहाँको अवस्था के छ, मतदातामा कत्तिको उत्साह छ, दलहरूप्रतिको दृष्टिकोण के छ, निर्वाचनमा कुनै अप्ठेरो स्थिति, शान्ति सुरक्षा सम्बन्धी कुनै अप्ठेरो आउँछ कि भनेर सूक्ष्म ढङ्गले अध्ययन गर्ने काम भइरहेको छ। चैत २२ गते जब हामी अन्तिम मतदाता नामावली निकाल्छौँ, २४ गते उम्मेदवारी दर्ता हुन्छ, यसरी फटाफट हामी अगाडि बढ्छौँ।’

निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत चयनका लागि न्यायाधीशहरूको नाम प्राप्त भएको र चैत २२ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय खोल्ने तयारी रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिए।

मतदाता नामावली अध्यावधिक गर्ने काम अन्तिम चरणमा पुगेको र उपनिर्वाचन भएकाले कामको चाप धेरै नरहेको पौड्यालले बताए।

उनले भने, ‘यो उपनिर्वाचनमा धेरै खरिदको काम गर्नु नपर्ने, निर्वाचन अधिकृतको कार्यालय पनि २ वटा मात्र हुने भएकोले आयोगलाई त्यति धेरै कामको चाप चाहिँ छैन। कार्यतालिका अनुसार नियमित रूपमा भइरहनुपर्ने कामहरू अघि बढिरहेका छन्।’


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**


**विष्णुपुर गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*